**नेपाली / *NEPALI***

अक्टोबर ६, २०२१

लागि: डीन, निर्देशक, विभागीय सभापति, *HR* प्रतिनिधि र सुपरभाईजरहरू

*cc:* संकाय, शैक्षिक कर्मचारी, युनिभर्सिटी कर्मचारी

बाट: Rebecca Blank, कुलपति
Karl Scholz, शैक्षिक मामिलाका प्रोभोस्ट र उपकुलपति
Rob Cramer, अर्थ र प्रशासनका अन्तरिम उपकुलपति

विषय: साझा प्रशासनको समर्थन

साझा प्रशासन *University of Wisconsin–Madison* लाई महान् बनाउने एउटा महत्त्वपूर्ण हिस्सा हो। संकाय, शैक्षिक कर्मचारी, युनिभर्सिटी कर्मचारी, र विद्यार्थीहरूको सक्रिय सहभागिता युनिभर्सिटीको निर्णय लिने प्रक्रियाको लागि महत्त्वपूर्ण छ र रहनेछ। खुला रूपमा आफ्नो कुरा बताउने र विचारशील रूपमा धारणाहरूको चुनौती गर्दा शिक्षा, अनुसन्धान, क्याम्पसको वातावरण र सुरक्षा, विविधता, समता, र समावेशीकारण; मानव संसाधन र अन्य संस्थागत मामिलाहरूमा अझै राम्रो निर्णयको लिन सकिन्छ।

**कृपया संकाय, शैक्षिक कर्मचारी, र विश्वविद्यालय कर्मचारीहरूलाई साझा प्रशासन गतिविधिहरूमा कामको समयमा र तलब नगुमाइ भाग लिन प्रोत्साहन गर्न हामीलाई समर्थन गर्नुहोस्।** वर्षभरीका बैठकहरूमा क्याम्पसव्यापी र स्कूल, कलेज, विभाग विभाजनहरूमा उपलब्ध साझाअ प्रशासनका अवसरहरूको बढुवा गर्नुहोला। कृपया सबै कर्मचारी समूहहरूलाई औपचारिक प्रशासनमा संलग्नता र कार्यस्थलमा निर्णय लिने प्रक्रियामा भाग लिँदा हाम्रो विश्वविद्यालयको शक्ति र उत्कृष्टतामा योगदान गर्ने कुराको जोड दिनुहोला।

साझा प्रशासनका थप जानकारीका लागि, कृपया यो वेबसाईट हेर्नुहोला http://www.wisc.edu/governance/ । यस संसाधन वेबसाईटमा हरेक साझा प्रशासन समूहको विशिष्ट जानकारी छ।

ऐतिहासिक रूपमा *UW–Madison* मा अभ्यास गरीएको साझा प्रशासन प्रति हामी प्रतिबद्ध। साझा प्रशासनमा कर्मचारीहरूको नेतृत्व र सेवाले हाम्रो विश्वविद्यालयलाई बलियो बनाउँद्छ र पेशा र व्यक्तिगत वृद्धिको अवसर प्रदान गर्दछ।

*University of Wisconsin–Madison* को साझा प्रशासन प्रतिको तपाईंको निरन्तर समर्थनको लागि धन्यवाद।